फाल्गुनन्द गाउँपालिकाको
गाउँ सभाको १६ औं अधिवेशनमा

अध्यक्ष श्री बृज हाङ आङदेम्बेले प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम

फाल्गुनन्द गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फाक्तेप, पाँचथर

**फाल्गुनन्द गाउँपालिकाका उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यु, गाउँ सभाका सदस्यज्यूहरु र कर्मचारी ज्युहरु सञ्चारकर्मी साथीहरु फाल्गुनन्द गाउँपालिकाको १६ औ अधिवेशनमा हार्दिक स्वागत गर्दछु ।**

यस गरिमामय सभामा गाउँपालिको आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न माध्यमबाट सुझाव दिनु हुने सम्पुर्ण राजनितिक दल, शिक्षक संघ संगठन, सहकारी संस्था, गाउँपालिकाका बिषयगत शाखा, आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत सहजकर्ताहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु।

यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

समृद्ध फाल्गुनन्द: कृषि, पर्यटन, पुर्वाधार र सुसंस्कृत समाज भन्ने लक्ष्यका साथ समस्त गाउँपालिका वासीको समृद्धीको चाहाना र हामीले निर्वाचनका क्रममा फाल्गुनन्दवासी प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ.व.२०८१/८२ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध फाल्गुनन्द गाउँपालिकाको लक्ष्य हासील गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारी विकास गरिनेछ ।

गाउँपालिकालाई कृषि उत्पादनमा आत्मनिर्भर बनाउने, पुर्वाधारमा गुणस्तर, स्वास्थ्यममा विश्वासिलो र शिक्षामा नमुना गाउँपालिका बनाउदै गाउँपालिकालाइ सफा सुन्दर र पर्यटकिय गन्तब्यको रुपमा स्थापित गर्ने, भूमिहिन तथा सुकुम्वासीहरुको व्यवस्थापन गर्ने, स्वच्छ, सफा र सुन्दर गाउँपालिकाको पहिचान कायम राख्ने र योजनावद्ध शहरीकरण तथा वस्ति विकासलाइ यस नीति तथा कार्यक्रमा प्रमुख प्राथमिकताहरुको रुपमा लिइएको छ। समृद्ध फाल्गुनन्द: कृषि, पर्यटन, पुर्वाधार र सुसंस्कृत समाज भन्ने दिर्घकालिन सोच र लक्ष्य प्राप्त गर्नका लागि यस गाउँपालिकाको आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम यस सभामा प्रस्तुत गर्दछु ।

नेपालले जनसांख्यिक लाभ लिदै अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन २ देखि ३ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेशिनु पर्ने अवस्थाले हामी सवैलाइ गम्भीर वनाएको छ। फाल्गुनन्द गाउँपालिकाका यूवा शक्ति समेत दैनिक रुपमा विदेश पलायन भैरहेको अवस्था छ । गाउँपालिकाबाट वाह्य वसाइ सराइका

कारण हाम्रा गाउँघरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित हुदैछन् ।उब्जाउ खेत वारी बाँझो हुन पुगेको छ । यस सन्दर्भमा युवालाइ देश भित्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको वसाइलाई आकर्षक वनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेको छ ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलाप मार्फत अगाडी बढाउदै तिब्र र दिगो आर्थिक विकास गरी समृद्ध फाल्गुनन्दको मुल लक्ष्य हासील गर्नु परेको छ। यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाइ विशेष जोड दिनु पर्ने अवस्था सृजना भएको छ ।

सेवा प्रवाहलाइ थप प्रभावकारी बनाई सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्य छ । यसका लागि बिद्युतीय सुशासन प्रणालीलाई सेवा प्रभावमा थप प्रभावकारी वनाउनु पर्ने अवस्था देखिन्छ ।

**विद्यमान अवसरहरू:**

हाम्रो गाउँपालिकालाई समृद्ध बनाउनका लागि देहाय बमोजिमका अवसरहरू रहेका छन:

१. संविधानत: अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।
२. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु ।
३. विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।
४. गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।
५. सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु ।
६. सडक निर्माणमा भएको लगानी संगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाई बजार सम्मको पहुँच स्थापित हुनु ।
७. सिंचाइको व्यवस्था पर्याप्त पुग्नुको साथै गाउँपालिका कृषिको लागि उर्बर भूमी हुनु ।
८. भौगोलिक विविधताको कारण विभिन्न नगदे बालिहरुको उत्पादन राम्रो संग हुनु ।

**विद्यमान चुनौतीहरू:**

अवसरहरु सँगै हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेका छन:

१. युवा जनशक्तिलाइ कृषि ब्यवसाय प्रति आकर्षित गर्नु ।ब्यावसायिक कृषकको संख्या वृद्धि गर्नु ।
२. बजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउनु ।
३. व्यवहारिक, जीवन उपयोगी र सीपमूलक शिक्षाको सुनिश्चितता गर्नु ।

४. कृषकहरुलाई गुणस्तरीय बीउबिजन/मलखाद समयमा नै उपलब्ध गराउनु ।
५. वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाई उद्यम विकासमा उपयोग गर्नु।
६. प्राकृतिक स्रोत तथा नदिजन्य पदार्थ ढुंगा गीट्टी बालुवा को मापदण्ड अबलम्बन नगरि अत्यधिक दोहन रोक्नु ।
७. निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।
८. सडक लगायतका पूर्वाधारको उपयोग योजना ,डिजाइन तथा ड्रइङ विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।
९. अव्यवस्थित बस्ती बिस्तारको क्रम रोक्नु तथा व्यवस्थित बस्ति विकास गर्नु।
१०. बैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु।
११. सञ्चार सेवा प्रदायक संस्थाहरू बाट प्रभावकारी सेवा प्राप्ति र ब्यवस्थित गर्नु ।
१२. विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार गर्नु, मुल्यांकन गर्नु तथा सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गर्नु ।
१३. गाउँपालिकाबाट बसाइ सर्नेको संख्या दिनानुदिन बढ्नु ।
१४. आवधिक योजना मध्यमकालिन योजना र बार्षिक योजना तयार गरी सो योजना हरुको तादम्य अनुसार प्रतिफल लिन नसक्नु ।

सभाका सदस्यज्युहरु..

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत ब्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, सोह्रौ आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ ।

गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा गाउँपालिका भित्रका आम उपभोक्ताहरु, सर्वसाधारण जनता, उद्योगी ब्यवसायीहरु, सामाजिक संघ संस्थाहरु तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहदै आएको छ। विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराउने हो।आम नागरिकहरुले साथ सहयोग, सुझाव दिने हो।जनसहभागीता एवं जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको इतिहासलाई अक्षुण्ण राख्दै शासकीय

प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छता युक्त जनसहभागीता सुनिश्चित गरिने छ।

गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण लाई अद्यावधिक रुपमा अध्ययन गरी छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितव्ययी वनाइनेछ । यसबाट सेवा प्रवाहलाई प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च चालु खर्चको तुलनामा बढाउने नीति लिइएको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तिय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्म निर्भरता कायम गर्न प्रयत्न गरिने छ।

यस गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएको छ। जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहीतालाई जोड दिइनेछ ।

**गाउँसभाका सदस्यज्यूहरु, चालु आ.व.को हालसम्मका प्रमुख उपलब्धीहरूको संक्षिप्त विवरण प्रस्तुत गर्न चाहान्छु ।**

**सडक तथा यातायातः**

यस गाउँपालिकामा हाल सम्म ८ किमि पक्कि सडक, २६ किमि ग्राभेल सडक तथा १२ सय ५ किमि भन्दा बढी धुले वा कच्चीसडक रहेको छ।जस मध्ये चालु आ.व.मा नयाँ सडक ट्र्य्यक ओपन २.५ कि.मि. सडक स्तरोन्नती ७.५ कि.मि. सडक सोलिङ ६ कि.मि. र ग्रावेल १ कि.मि. सम्पन्न भएको छ। गाउँपालिकाका सवै वडामा सडकको पहुँच पुगेको छ।गाउँपालिकाले विभिन्न वस्ती र पर्यटकीय क्षेत्रहरूमा समेत गाडी चल्ने सडक पूर्वाधार विस्तार गरेको छ ।गाउँपालिकाबाट अन्य गाउँपालिका तथा प्रमुख राजमार्ग सम्मको सडक पहुँचलाइ सुदृढ वनाइएको छ ।

**सिंचाइः**

गाउँपालिका विभिन्न वडामा गरी २७ वटा साना सिचाई आयोजना सम्पन्न भई कूल ५ सय ७८ हेक्टरमा सिंचाइ सुविधा प्राप्त हुने अवस्था सृजना भएको छ । सबै वडामा सिंचाइको विकासका निम्ति साना सिंचाइ आयोजना अन्तर्गत कुलोहरु निर्माण गरिएको छ । चालु आ.व. मा ६ वटा नयाँ र क्रमागतका ६ गरी १२ सिंचाइ आयोजनाहरु सम्पन्न भएका छन्। तथापी जलवायु परिवर्तनको प्रभावका कारण डिजाइन अनुसार पानी प्राप्त हुने कुरामा चुनौती थपिएको छ ।

**शिक्षा क्षेत्रः**

नमुना माध्यमिक विद्यालयमा क्यान्टिन अडिटोरियम भवन निर्माण सम्पन्न, कक्षा ८ पालिका स्तरिय परिक्षा संचालन, ५ वटा विद्यालयमा आई सि टि, विज्ञान प्रयोगशाला, पुस्तकालय

व्यवस्थापन कार्य सम्पन्न भएको छ। शिक्षक तथा विद्यालय व्यवस्थापन समितिलाई क्षमता अभिवृद्धि तालिम दिइएको छ। इमान्दार अभिभावक तथा उत्कृष्ट विद्यार्थीहरुलाई पुरस्कृत गरिकए छ। त्यस्तै स्थानीय पाठ्यक्रम र लिम्बु भाषाको पाठ्यक्रम निर्माण सम्पन्न भएको छ ।

**स्वास्थ्य क्षेत्रः**

गाउँपालिकामा ५ शैयाको आधारभुत अस्पताल निर्माण कार्य अन्तिम चरणमा रहेको छ। नवमिडाँडा स्वास्थ्य चौकी भवन निर्माण सम्पन्न गरिएको छ। वडा नं. ३ र ४ मा प्रसुति सेवा सुदृढीकरणका लागि भवन निर्माणाधिन रहेको छ । जेष्ठ नागरिक तथा विपन्न परिवारलाई घरैमा स्वास्थ्य परिक्षण कार्यक्रमबाट ८०० भन्दा बढी लाभान्वित भएका छन्। विपन्न नागरिक निशूल्क स्वास्थ्य बिमा कार्यक्रमलाई निरन्तरता दिइएको छ। आयुर्वेद स्वास्थ्य तर्फ नागरिक आरोग्य क्लिनिकबाट १३ सय भन्दा बढी नागरिक लाभान्वित भएका छन्।

**खानेपानी तथा सरसफाई श्रेत्रमा** खानेपानी पाईप सम्पुर्ण वडामा वितरण, धारा टेङकी निर्माण, आयोजनाहरुको मर्मत संभार गरी आधारभूत आवश्यकतालाई पुर्ति गर्न लागि परिएको अवस्था छ।

**युवा तथा खेलकुद क्षेत्र विकासका लागि** गाउँपालिका भित्रका खेलाडी प्रोत्साहन, अन्तर पालिका, अन्तर वडा खेलकुद आयोजना सहयोग तथा सहभागी भइ विभिन्न उपलब्धी हासिल भइरहेको छ। युवाहरूको खेलकुदमा संलग्नता बढाउनका लागि एक वडा एक खेलकुद मैदान निर्माण भएको छ ।अध्यक्ष कप भलिवल प्रतियोगीता, विभिन्न खेलकुद आयोजना सहयोग साथै घुर्विसे पंचमी बजार र नवमीडाडाँ बजारमा कभर्डहल निर्माण सम्पन्न भई संचालन मा रहेका छन् ।

**भाषा, साहित्य तथा कला संस्कृतिको विकासका निम्ति** सेहोः नाम्लाङ साँस्कृतिक तथा पर्यटन महोत्सव र चासोक तङनाम मेला आयोजना गरी विभिन्न जातजातीहरुको कला संस्कृती प्रर्दशन लगायतका प्रस्तुतिकरणबाट संरक्षण र सम्बर्धनमा टेवा पुर्याइएको छ।**लक्षित वर्ग तथा सामाजिक समावेशिकरण क्षेत्रलाई** विकासको मूल प्रवाहमा समाहित गर्न एकल महिला उद्यमशिलता विकास कार्यक्रम संचालनमा ल्याइएको छ।

**आर्थिक विकासः**

हाल सम्म गाउँपालिकामा २५ कि.मि. भन्दा बढी कृषि सडक निर्माण भएको छ । राँके बजारमा शीतगृहको निर्माण भै सञ्चालन हुने क्रममा रहेको छ।व्यवसायीक कृषकहरुलाई कृषि तथा पशुपालनका क्षेत्रमा लगानी गर्न उत्पेरित गरिएको छ । खाद्यान्न वाली अन्तर्गत गाउँपालिकाले निर्धारण गरेको मापदण्ड (५० मुरी र १०० मुरी भन्दा माथी) बमोजिम धान उत्पादन गर्ने कृषकहरुलाई प्रोत्साहन गरिएको छ। गाउँपालिका स्तरिय नमुना कृषि फार्मको पहिलो चरणका कृयाकलापहरु संचालनमा रहेको छ। कृषि प्रसारलाई व्यवस्थित गर्नका निमित्त

वडा नं. ५ मा कृषक पाठशाला संचालन गरिएको छ। वडा नं. ७ मा रहेको पकेट क्षेत्रमा सुन्तला बगानको व्यवस्थापन गर्न विभिन्न प्राविधिक सहयोग तथा सामाग्रीहरु वितरण गरिएको । गाउँपालिका भित्र रहेका पर्यटकीय स्थलहरूको संरक्षण र प्रवर्द्न गर्ने कामलाई गुरु योजना निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ । रोजगारी सृजना गर्न गाउँपालिका भित्र रहेको श्रम शक्तिको लगत तयार गरि विभिन्न सीपमूलक तालिम सञ्चालन गरिएको छ । यसबाट करिब १२ सय जनामा रोजगारी सृजना भएको छ ।

**वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापनः**

वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार ब्यवस्थापनलाई समेटने गरी यसबाट प्राप्त हुने काठ, दाउरा, जडिवुटी, हरित उद्यम र पर्यापर्यटनको विस्तारको लागि पहल गरिएको छ ।

**सुशासन तथा संस्थागत विकासः**

गाउँपालिकाले चालु आव मा ८ वटा कार्यविधि, तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ। त्यसै गरी व्यवस्थित शहरीकरण तथा वस्ति विकासको लागि आवश्यक भु-उपयोग नीति कार्यान्वयनमा रहेको छ। यस गाउँपालिकाले गत आ.व. को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा ७३.५० प्राप्त गरेको छ । राजश्व सुधार कार्ययोजनाको कार्यान्वयनबाट आन्तरित राजश्व स्रोतको दायरामा थप वृद्धि गराउने प्रयास भएको छ ।

गाउँसभाका सदस्यज्यूहरु, अब म आ. व. २०८१/८२ को विभिन्न विषयगत एवं क्षेत्रगत प्रमुख नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु।

**शिक्षा**

१. स्थानीयता र आवश्यकताको आधारमा सिप संग जोड्ने शिक्षालाइ प्रोत्साहन गरिनेछ ।
२. जीवनपयोगी सीपमा आधारित शैक्षिक पाठ्यक्रमको विकास गरी नमुना विद्यालयबाट शुरूवात गर्ने र क्रमशः सबै विद्यालयमा सो अनुसारको पठनपाठनको ब्यवस्था मिलाइने छ ।
३. मातृभाषाको उपयोगिता मुल्याङंन गरि आवश्यकताको आधारमा थप गर्दै लगिने छ ।
४. शिक्षा ऐन, नियमावली, बहुभाषा शिक्षा निर्देशिका जस्ता कानुनी तथा नीतिगत व्यवस्था मार्फत शिक्षा क्षेत्रको गुणस्तर नियमन एवं प्रवर्द्धन गरिने छ।
५. गाउँपालिकाको स्थानीय शिक्षा पाठ्यक्रम तर्जुमा गरी लागु गरिने छ। विध्यालयको शैक्षिक क्रियाकलापमा एकरुपता कायम गर्न गाउँपालिका स्तरिय शैक्षिक क्यालेण्डर लाई निरन्तरता दिइनेछ ।

६. विद्यालय बाहिर रहेका र बिचमै विद्यालय छोड्ने बालबालिकाहरुलाई विद्यालय शिक्षा पुरा गर्न प्रोत्साहनका लागि विशेष प्याकेज सञ्चालन गरिनेछ।

७. विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभुत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको ब्यावसायिक क्षमता विकासको लागि लगानी गरिने छ।

८. विद्यालयमा विद्यार्थी संख्या वृद्धि गर्न तथा शैक्षिक नतिजा सुधार गर्न आवासिय विद्यालयको अवधारण अघि बढाइनेछ।

९. संस्थागत विद्यालयहरुको विभिन्न सूचकहरुको आधारमा वर्गिकरण गरी वैज्ञानिक ढंगले शुल्क निर्धारण गरी लागु गरिनेछ। संस्थागत विद्यालयहरुलाई आवश्यक कानुनत अनुगमन र नियमन गरीने छ ।

१०. अंग्रेजी माध्यमबाट शिक्षा दिन इच्छुक सामुदायिक विद्यालयहरुलाई पूर्वाधार तथा शिक्षक दरबन्दी लगायतका कार्यमा प्रोत्साहन दिई निजी विद्यालय सरह सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कायम गरिनेछ।

११. विषयगत शिक्षकहरुको अभिलेख व्यवस्थापन गरी गाउँपालिकाको शैक्षिक विकासमा उनीहरुको अनुभवलाई उपयोग गरिने छ।

१२. संस्थागत विद्यालयमा कार्यरत शिक्षकहरुलाई श्रम ऐनले तोके बमोजिम न्यूनतम पारिश्रमिक उपलब्ध गराउन नीति कार्यान्वयन गरिनेछ साथै सम्पूर्ण संस्थागत विद्यालयहरुलाई नेपाल सरकारको शैक्षिक व्यवस्थापन सुचना प्रणालीमा अनिवार्य आबद्ध गराईने छ ।

१३. विद्यालयकहरुको समायोजन र शिक्षक दरबन्दी मिलान सम्बन्धि विज्ञहरुको प्रतिवेदन समेतलाई आधार मानी नीति तथा रणनीति निर्माण गरि कार्यान्वयन गरिने छ ।

१४. "उत्कृष्ट शैक्षिक गन्तव्य गाउँपालिका हाम्रो पहिचान" भन्ने आदर्श लक्ष्य प्रासिका लागि सरकारी तथा निजी क्षेत्रका शैक्षिक संस्थाहरुबाट प्रदान गर्ने उच्च शिक्षालाई थप गुणस्तरीय र सर्वसुलभ तुल्याउन त्यस्ता प्राज्ञिक संस्थाहरुसँग सहकार्य र साझेदारी गरिनेछ।

१५. विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माणलाई जोड दिदै सबै विद्यालयहरुमा पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापना गर्ने नीतिलाई जोड दिइनेछ।

१६. गाउँपालिका क्षेत्र भित्रका गुरुकुल र गुम्बा जस्ता शिक्षालयहरुको सम्भाव्यता अध्ययन प्रतिवेदनको आधारमा स्थापना गरिनेछ ।

१७. शैक्षिक प्रणालीमै रूपान्तरण ल्याउन पाठ्यक्रम विकास, पठनपाठनको ब्यवस्थापन, अतिरिक्त क्रियाकलाप ब्यवस्थपान, शैक्षिक पात्रो ब्यवस्थापन, अद्याविधक स्रोत ब्यवस्थापन, विद्यालय-अविभावक विचको सञ्चार ब्यवस्थापन, अनलाइन शिक्षण तथा

सिकाइ र दस्तावेजीकरण लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रभावकारी उपयोग गरिनेछ।

१८. आफ्ना छोराछोरीलाइ नियमित विद्यालय पठाउने अभिभावक र उत्कृष्ट नतिजा हासिल गर्ने सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाइ पुरस्कृत गर्ने कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।

१९. आधारभुत तहमा गुणस्तरीय शिक्षामा पहुँच बृद्धि गर्न दलित, अल्पसङ्ख्यक र आर्थिक रुपले विपन्न तथा अपाङ्गता भएका बालबालिकाका लागी बिशेष कार्यक्रम संचालन गरिनेछ।

२०. शैक्षिक गुणस्तर कायम गर्न सामुदायिक विद्यालयहरुमा अनिवार्य रुपमा मासिक अनुगमन गरिनेछ।

२१. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्नका लागि कक्षा ५ र कक्षा ८ लाई पालिका स्तरीय परिक्षा कार्यक्रम लागु गरिनेछ ।

२२. विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न कक्षा १-३ मा अध्यानरत बालबालिकाको सिकाई सुधारका लागि **गाउँ शिक्षा** योजना निर्माण गरी लागु गरिनेछ।

२३. आगामी शैक्षिक सत्रबाट कक्षा ११ र १२ संचालनमा रहेका विद्यालयलाई थप जिवनोपयोगी र व्यावसायिक बनाउदै शिक्षामा आधारभुत प्राविधिक ज्ञान र सीप सहितको शिक्षा प्रदान गरी विद्यालय तह पुरा गर्दा कम्तिमा एउटा सीपमा स्वरोजगार हुनसक्ने जनशकक्ति तयार गर्ने नीति लिइनेछ ।

२४. शैक्षिक सत्रको सुरुमा नै सामुदायिक विद्यालयहरुमा अध्ययन गर्ने बाल बालिकाहरुलाई पाठ्यपुस्तक उपलब्ध गराईने नीति लिईनेछ ।

२५. जङ फुड मुक्त दिवा खाजा कार्यक्रमलाई कडाईका साथ कार्यान्वयनमा ल्याईनेछ ।

२६. विद्यार्थीलाई हप्ताको शुक्रबारको दिन नो बुकको अवधारणा अनुसार सीपमुलक तथा अतिरिक्त क्रियाकलाप कक्षा संचालान गरिनेछ। सोही दिन ड्रेसको रुपमा स्थानिय जातजाति तथा संस्कृति झल्कने पहिरनको लागु गरिनेछ ।

२७. प्रत्येक ३।३ महिनामा अभिभावक, शिक्षक र विद्यार्थीबीच अन्तरकृया कार्यक्रम गर्ने नीति लिईनेछ ।

२८. सामुदायिक विद्यालयहरुमा प्रतिस्पर्धाका आधारमा प्रधानाध्यापकको छनौट गर्ने नीति लिइनेछ ।

२९. सामुदायिक सिकाई केन्द्रलाई वडाको मातहतमा ल्याईनेछ र EMIS मा अनिवार्य लगिनेछ ।

३०. फाल्गुनन्द गाउँपालिकाले संचालन गर्ने राष्ट्रपति रनिङ शिल्ड कार्यक्रमलाई थप व्यवस्थित गरिनेछ ।

**स्वास्थ्यः**

३१. गाउँपालिका भित्रका नागरिकको स्वास्थ्यमा पहुँच सुनिश्चित हुने गरी चिकित्सकीय र प्रयोगशाला सेवा तथा अनुसन्धानात्मक कार्यहरू सञ्चालन गर्न आधारभुत अस्पताल, आधारभूत स्वास्थ्यकेन्द्र, स्वास्थ्य इकाई केन्द्र स्थापना तथा स्तरोन्नती गरी रोकथाम, निदान र पुनर्स्थापन सेवालाई सहज र नियमित वनाइनेछ ।

३२. फाल्गुनन्द गाउँपालिका नागरिकहरुलाई उच्च रक्तचाप र मधुमेह जस्ता रोगको निःशुल्क स्वास्थ्य परिक्षणलाई निरन्तरता दिईनेछ।

३३. सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको त्रैमासिक रुपमा आधारभुत स्वास्थ परिक्षणलाई निरन्तरता दिईनेछ।

३४. जेष्ठ, अपाङ्गता, अशक्त, दीर्घरोगी नागरिकको स्वास्थ्य परिक्षण घर घरमै कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३५. बर्थिङ्ग सेन्टर र स्वास्थ्य क्लिनिकहरुको सेवालाई स्तरोन्नति गर्ने क्रममा प्रयोगशाला सहितको सेवा उपलब्ध गराउने कार्यक्रम थप ब्यवस्थित गरिनेछ।

३६. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

३७. नेपाल रेडक्रस सोसाइटीसँग सहकार्य गरी रक्त सञ्चार सेवालाई सहज तुल्याइनेछ।

३८. गाउँपालिकाबाट गरिब परिचय पत्र प्राप्त गरेका विपन्न, अपाङ्गता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाहरुको स्वास्थ जाँच र उपचारका लागि निजहरुलाई पाँचथर जिल्ला अस्पताल सम्म ल्याउन-लैजान लाग्ने एम्बुलेन्स सेवा वापत हुन आउने रकमको ५० प्रतिशत गाउँपालिकाबाट उपलब्ध गराइने नीति लिइनेछ।

३९. नसर्ने तथा मानसिक रोगको रोकथाम एवम स्वास्थ्य प्रवर्धनको लागी आयुर्वेद तथा वैकल्पिक चिकित्सा समेत लाई समावेस गरी कार्यक्रम संचालन गरीने छ।नागरीक आरोग्य सेवा क्लिनिक (गाउँ घर क्लिनिक) तथा नसर्ने रोग व्यवस्थापन कार्यक्रम संचालन तथा विस्तार गरी आयुर्वेदिय स्वास्थ्य जिवन शैलि खानपान आहार विहार योग ध्यान तथा व्ययम लाई प्रवर्दन गरिने छ ।

४०. आयुर्वेद औषधालय हरुको सेवा लाई सुदृढिकरण गरी विद्यालय आयुर्वेद स्वास्थ्य र योग शिक्षा कार्यक्रम र पन्चकर्म सेवा लाई व्यावस्थित गरिने छ ।

४१. सुरक्षित प्रसुती हाम्रो दायित्वु भन्ने अभियानका साथ सम्पुर्ण गर्भवती महिलालाई प्रसुतीको लागि जिल्ला अस्पताल पाँचथर सम्मको एकोहोरो एम्बुलेन्स भाडा गाउँपालिकाले ब्यहोर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

४२. पुर्ण खोप सुनिश्चितता दिगोपना तथा सरसफाई प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४३. पोषण कार्यक्रमलाई निरन्तरता दिइ पोषण मैत्रि वडा तथा पालिका घोषणा कार्यक्रमलाई कार्यान्वयन गरिनेछ ।

४४. क्षयरोग मुक्त गाउँपालिका घोषणा कार्यक्रमलाई संचालनमा ल्याइनेछ ।

४५. स्वास्थ्य जीवन शैलीको योग शिक्षा र खानपान सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

४६. गाउँपालिका क्षेत्र भित्र हुने परम्परागत औषधीजन्य वनस्पतिको संरक्षण, खेति प्रवर्द्धन र प्रशोधनका कार्यहरु संचालन गरिनेछ।

४७. जनशक्ति, उपकरण, औषधी, सेवाप्रवाहको गुणस्तर, समयावधि, व्यवस्थापन, सरसफाई समेतका आधारमा सामुदायिक स्वास्थ्य संस्थाहरुको मुल्याङकन गरिनेछ ।

४८. राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका/आयुर्वेद महिला स्वयंसेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याइनेछ।

४९. स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ।

५०. निजी स्वास्थ क्लिनिकहरुले प्रदान गर्ने आधारभुत सेवाहरुको शुल्कलाई नियमन गरिनेछ।

५१. जेष्ठ नागरिक, अपाङ्गता भएका व्यात्ति, गरीव तथा विपन्न जनसमुदायहरुलाई निःशुल्क स्वास्थ्य बीमा गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

५२. गाउँपालिकाको आकस्मिक कोष मार्फत दिइने उपचार खर्च बाट अनिवार्य स्वास्थ्य विमा गर्ने गराउने व्यवस्था मिलाइनेछ । गत वर्ष स्वास्थ्य बिमा गरिएका नागरिकलाइ नविकरणको लागी जोड दिइनेछ ।

५३. खोप तथा गाउँघर क्लिनिक पि.एन.सि. कार्यक्रमलाई थप ब्यवस्थित गरिनेछ ।

५४. नागरिक आरोग्य कार्यक्रम लाई संघ संस्था सहकारी समुदाय स्तर सम्म मेरो स्वास्थ्य मेरो जिम्बेवारी अभियान लाई  विस्तार गरिने छ ।

५५. मानसिक रोग स्वास्थ्यका समस्या पहाचान एवम रोकथामका लागी समुदाय स्तरमा योग ध्यान लगायतका कार्यक्रम संचालन र भान्सा सुधार कार्यक्रम समेत संचालन गरीने छ ।

५६. सबै बर्थिङ सेन्टरमा कार्यरत स्वास्थ्य कर्मीहरुलाई आवश्यक तालिमको व्यवस्था मिलाइनेछ ।

**आर्थिक विकासः**

५७. फाल्गुनन्द गाउँपालिकाको स्थानीय आर्थिक विकासलाइ योजनावद्ध रूपमा कार्यान्वयनमा ल्याइनेछ । यस अन्तर्गत स्थानीय प्रतिस्पर्धी वस्तु वा सेवाको सहभागितामूलक पहिचान गरी ती वस्तु वा सेवाहरूको समग्र मुल्य श्रृङ्खला (उत्पादन देखि बजारीकरण सम्म) मा गाउँपालिका, निजीक्षेत्र, र सहकारी (समुदाय) समेतको सहकार्यमा स्थानीय आर्थिक विकासका योजना अन्तरगतका कार्यक्रमहरू सञ्चालन गरिनेछन ।

५८. उल्लिखित बमोजिम स्थानीय आर्थिक विकासका सम्भावनाहरूको पहिचान र ब्यावसायिक परिचालनका लागि गाउँपालिकाले विशेष पहल गर्नेछ । यसका लागि

स्थानीय तहमा ब्यावसायिक वातावरणको विकास गर्न गाउँपालिकाले नीजिक्षेत्र, सार्वजनिक क्षेत्र र सहकारी (समुदाय समेत) को सहभागितामा गाउँपालिकाले उद्यम विकास रणनीति निर्माण गरि लागु गरिने छ ।

५९. नव प्रवर्तन र उद्यमशीलता प्रवर्धन गर्न स्टार्टअप इकोसिष्टमको विकास गर्न उद्यमशाला सञ्चालन गरिनेछ । यस अन्तरगत स्थानीय आर्थिक विकास पूर्वाधार निर्माण, आर्थिक सशक्तिकरण तथा वित्तिय साक्षरता सहितको सीप विकास, उद्यमशीलता विकास तथा नव उद्यमशीलता प्रवर्द्धन र विशिष्टिकृत वस्तुको उत्पादन तथा वजारीकरण समेटिनेछन ।

**उद्योग तथा पर्यटनः**

६०. औद्यौगिक तथा ब्यावसायिक विकासका लागि गाउँपालिका उद्योग वाणिज्य संघ सँग साझेदारीको नीति लिइनेछ।औद्यौगिक प्रदर्शनी स्थलको सम्भाव्यता अध्ययन गरिनेछ।

६१. पालिका भित्र उत्पादन हुने स्थानीय सामाग्री सालको पातको टपरी, बाँसको सिन्का तरकारी तथा फलफुल लगायतको संकलन प्रसोधन विविधिकरण र बजारीकरण गरी यान्त्रीकरण सहितको प्रसोधन केन्द्र निजी व्यवसायी सँग साझेदारीमा स्थापना गरी लागु गरिनेछ।

६२. गाउँपालिकाको प्रमुख बजार क्षेत्रमा गाउँपालिका भित्र उत्पादित बस्तुहरुको प्रसोधन र विविधिकरण गरी विक्रि कक्ष स्थापना गर्दै कोशेली घर प्रदर्शनी कक्ष स्थापना गरी उत्पादनको बजार प्रवर्धन गरिनेछ।

६३. स्थानीय होटल ब्यावसायीलाई होटल सञ्चालन र ब्यावस्थाप सम्बन्धी तालिम प्रदान गरी रैथाने बालीहरुको उत्पादनलाई यस गाउँपालिकामा सञ्चालनमा रहेका सबै होटलमा सामुहिक मेन्युको रुपमा राखिने छ । स्थानीय उत्पादनबाट आम्दानी लिने र उत्पादनलाई पर्यटकको उपभोग संग जोड्नको लागि यसै बर्षबाट पहल थालिनेछ ।

६४. औद्यौगिकग्राम पूर्वाधार निर्माण कार्य सार्वजनिक निजी साझेदारी अवधारणामा सञ्चालन गरिनेछ ।गाउँपालिका जनताको मागलाई मध्यनजर गर्दै सबै प्रकारका सुरक्षा सुनिश्चितताका साथ स्थानीय सरकार र उद्योग वाणिज्यसंघ सँगको सहकार्यमा राँके बजारमा कृषिजन्य उपजहरु बिक्री गर्ने नीति लिइनेछ ।

६५. उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइने निति लिइनेछ ।

६६. लगानीमैत्री नीति तथा औद्यौगिक पूर्वाधार सुदृढीकरण गर्दै उद्योग तथा पर्यटनको विकासको नीति निइनेछ।

६७. वैदेशिक रोजगारबाट प्राप्त रेमिटेन्सको ब्यावसायिक तथा उत्पादनमुलक क्षेत्रमा लगानी गर्ने वातावरण निर्माण गर्ने विशेष पहल गरिनेछ। विदेशबाट फर्किएको यूवालाई विदेशमा सिकेको शिपको आधारमा गाउँपालिका भित्र उद्योग/ब्यावसाय सुरु गर्न चाहेमा परियोजना स्किमको आधारमा सुरुवाती लगानी उपलब्ध गराउने नीति लिइनेछ ।

६८. सम्पूर्ण स्वदेशी कच्चा पदार्थ उत्पादन गर्ने साना तथा मझौला उद्योगहरुलाई उत्पादन स्थलसम्म सडक पूर्वाधार तथा विद्युतिकरणको पहुँच पुराइनेछ।

६९. पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

७०. गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरु जोड्न पर्यटकीय सडक/पदमार्ग संजाल निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

७१. गाउँपालिका र अन्य गाउँपालिका संग सहकार्य गरी नेपाल पर्यटन बोर्डको सहलगानीमा साविकका प्याकेजमा सुधार सहित नयाँ प्याकेजको निर्माण तथा कार्यान्वयन गरिनेछ।

७२. विभिन्न जातजातिको जातजाति परम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गरिनेछ।

७३. फाल्गुनन्द गाउँपालिका भित्र रहेका जातजातिहरुको ऐतिहासिक धार्मिक पहिचान अवगत गराउन पर्यटकहरुलाई होमस्टेमा बास सहित स्थानीय आर्गानिक खाद्य उत्पादनका परिकार सहित पाहुना घरको छनौट गरिनेछ।

७४. फाल्गुनन्द गाउँपालिकाको प्रवेशद्वारहरु र महत्वपूर्ण बजार र पर्यटकिय स्थलहरुमा पर्यटकीय क्षेत्रको परिचय सहित पर्यटक आकर्षण गर्न डिजिडल डिस्प्ले /विलवोर्ड मार्फत सूचना प्रवाहलाई निरन्तरता दिईनेछ।

७५. गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुको प्रचार प्रसारका लागि डकुमेन्ट्री निर्माण, प्रसारण र ब्रोशर हरुको वितरण गरिनेछ।

७६. अन्तर गाउँपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका गाउँपालिकाहरुसँग भगिनी सम्बन्ध विस्तार गरिनेछ।

७७. धार्मिक प्राकृतिक र ऐतिहासिक धरोहरुको पर्यटन प्रवर्धनको लागि आवस्यक कार्यनीति निर्माण गरी लागु गर्ने ।

७८. जातीय सँस्कृतिको प्रवर्धन गर्न जातीय सँग्रहालय निर्माण गरी आन्तरिक तथा वाह्य पर्यटकहरु भित्राउन कार्ययोजना वनाई लागु गरिनेछ ।

७९. धार्मिक तथा पर्यटकिय स्थलहरु सिलौटी युमा माङहिम मा वरक, देउराली, सेनोनाम्लाङ, तिजोक, साप्सु, नामसामी केसामी, फाखोलिङ पोखरी, नाम्तोक, वत्तिसे

झरना, लोहाकिल डाँडा, सुकेपोखरी, कागेडाँडा मार्गदिवी बराह क्षेत्र मन्दिर, लगायत पालिका भित्रका मन्दिर माङहिम गुम्बा र चर्च आदी लगायत आवश्यक पर्यटन पूर्वाधार र होमस्टे निर्माण गरी पर्यटन व्यवसायलाई विस्तार गरिनेछ ।

८०. पर्यटकिय स्थल बत्तिसे झरनामा झोलुङगे पुल यसै आ.ब.मा निर्माण कार्य अगाडि बढाइने छ ।

८१. पदमार्गमा आधारित विकास परियोजना ( **TRAIL BASED TOURISM DEVELOPMENT PROJECT.TTDP**) अन्तर्गत लागत साझेदारी तथा सहकार्य गरि गाउँपालिकाको पर्यटन प्रबद्धन सम्बन्धी क्रियाकलापहरु गरिनेछ ।

## कृषि तथा पशुपंक्षीः

८२. उच्च मुल्यका फलफुल, तरकारी तथा अन्नबालीहरुको पकेट क्षेत्रहरुको पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी ती स्थानहरुमा ब्यावसायिक कृषि कार्यक्रम संचालन गरिनेछ।

८३. वडा न १ मकै पकेट क्षेत्र, वडा न २ किबि पकेट क्षेत्र, वडा न ३ आलु पकेट क्षेत्र, वडा न ४ अकबरे खोर्सानी पकेट क्षेत्र, वडा न ५ धान पकेट, वडा न ६ कपास पकेट र वडा न ७ सुन्तला पकेटको रुपमा कृषि क्षेत्र निर्धारण गरि सो बमोजिमका कृषि उत्पादनहरु बढाउन आवश्यक ब्यबस्था मिलाइनेछ ।

८४. रैथाने बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको लागि विशेष प्रबन्ध मिलाइने छ।

८५. कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यवसायीकरण गरिनेछ।

८६. गाउँपालिका भित्रका कृषकहरुको खण्डिकृत/वर्गिकृत एवं विस्तृत तथ्याङ्क आधार निर्माण गरिनेछ।

८७. उत्पादन लागत, थोक तथा खुद्रा मुल्य विश्लेशण गर्दै विचौलियाबाट उत्पादक माथि हुने ठगी तथा शोषण नियन्त्रणका लागि मुख्य कृषि उपजको गाउँपालिका भित्र समर्थन मुल्य निर्धारण गरिनेछ।

८८. ब्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतिकरण, कृषि बजार, सित भण्डार तथा गोदाम घरहरुको पूर्वाधार विकासमा निरन्तरता दिइनेछ।

८९. मासु पसल तथा बधशालाहरुको पूर्वाधार स्तरोन्नती गरी स्वास्थ्य मापदण्डमा आधारित तुल्याइनेछ।

९०. कृषि उत्पादनको मुल्य श्रृंखलाको विकासलाइ थप प्रभावकारी वनाउने क्रममा कृषि उपजको बजारीकरणका लागि कृषि बजार प्रणाली सप्टवयर निर्माण गरी कार्यान्वयनमा ल्याउनेछ।

९१. गाउँपालिका भित्र रहेका उत्पादन योग्य जमिनलाई व्यवस्थापन गर्न आवश्यक कार्यबिधी बनाई लागु गरिनेछ ।

९२. तरकारी उत्पादनको लागि ब्यावसायिक, करेसावारी, बगरखेती, करार खेती र कौशी खेतीको लागि तालिम, प्रविधि र लगानीको ब्यवस्था सहितको नमूना कार्यक्रम संचालन गरी प्रोत्साहन गरिनेछ ।

९३. गाउँपालिकाका सबै पशुपालक कृषकलाइ पशु खोपकार्ड प्रदान गरिने छ । पशु प्राविधिकलाइ कम्तिमा हरेक ३–३ महिनामा कृषकको घरमा पुगि सो खोपकार्डमा पशुको स्वास्थय अवस्थाको बारेमा अभिलेखिकरण गर्ने र समस्या भएको पशुको उपचार गर्ने ब्यवस्थालाई निरन्तरता दिइनेछ ।

९४. पशुपन्छी सेवा मा कृषकहरुमा व्यवसायिक बाख्रा पालन ,बँगुर पालन , गाई भैंसीपालन कार्यक्रमलाई प्रोत्साहन गरिने छ।

९५. नश्ल सुधार कार्यक्रम अन्तर्गत कृतिम गर्भाधान सेवालाई थप सहज र सुलभ गरी सवै वडामा विस्तार गर्दै उन्नत जातका वीउ रागो साँढे हरुको वीउसारको रुपमा कृषक समुह कृषि सहकारी मार्फत व्यवस्थापन गर्न अनुदानको व्यवस्था मिलाईने छ ।

९६. पशुपन्छीहरुको स्वास्थ्य उपचारको लागि रोग निदान प्रयोगशाला पशु उपचारका सामाग्री व्यवस्थापन पशुरोग सर्भिलेन्स निःशुल्क खोप सेवा तथा बाँझोपन निवारण शिविर कार्यक्रम मार्फत स्थलगत रुपमा प्राविधिक सेवा को व्यवस्था मिलाईने छ ।

९७. पशुपन्छी हाट बजारलाई व्यवस्थित गरी प्रयोगमा ल्याईने छ सवै वडाहरुमा पशुहाट सँकलन केन्द्र स्थापना गरी हाट बजार लाई थप व्यवस्थित गर्दै बधशालाको निर्माण तथा सुधार गरी स्वच्छमासु उत्पादनलाई जोड दिईने छ ।

९८. पशुहरुमा देखापरेको महामारी जन्य रोगहरु लम्पिस्किन , रेविज लगातयका रोगहरु बिरुद्दको निःशुल्क खोप व्यव्थापन गरी महामारी नियन्त्रणमा जोड दिईने छ ।

९९. सन्तुलित पशुआहारा प्रवर्धनको लागि हरियो उन्नत जातको पोशिलो घाँसमा आधारित पशुपालनमा जोड दिन हिउँदे तथा वर्षे विरुवा तथा सेट्स/बहुवर्षे घाँसको विउ/ वितरण तथा श्रोत केन्द्र स्थापना कार्यक्रम लागु गरिने छ ।

१००. फाल्गुनन्द गाउँपालिकाको दुधमा आत्मनिर्भर गरी दुध उत्पादन र अभिबृद्दि गरी आयात प्रतिस्थापन र निर्यात प्रवर्धनमा पहुँच विस्तार गर्न साना डेरी प्रवर्धनप्रसोधन , केन्द्र स्थापान गरी सवै वडामा थप विस्तार गरीने छ ।

१०१. खाद्यन्य बालि उत्पादनमा दिईदै आएको प्रोत्साहन कार्यक्रम लाई निरन्तरता दिईनेछ।

१०२. फाल्गुनन्द गाउँपालिकाको सिमा क्षेत्र भित्र पर्ने मेचि राजमार्ग, राँके रबि भेडेटार सडक खण्ड र उत्तरे यासोक सडक खण्ड अन्तर्गत सार्वजनिक तथा नीजि जमिनमा चिया खेति र वडा नं १, ६ र ७ मा कफि खेतीको लागि विस्तारको नीति लिइनेछ।

१०३. संघ तथा प्रदेस सरकारको सहयोगमा फाल्गुनन्द गाउँपालिकाभित्र पशुपन्छीहरुको उत्पादन विशेषमा जोड दिई गाउँपालिकाको पहिचान स्थापित गर्न औध्योगिक ग्राम स्थापना गर्ने कार्यको सुरुवात गरिने छ ।

१०४. संघीय सरकारबाट पशुपन्छी क्षेत्रको विकासको लागि हस्तान्तरण भई आएका गरिवी निवारणका लागि लघु उध्यम विकास कार्यक्रमलाई गाउँपालिकाको समेत सहकार्य र साझेदारीमा प्रभाकारी रुपमा कार्यन्वयन गरिनेछ

१०५. बड्दो बेरोजगारी समस्या हटाई पशुपन्छीको क्षेत्रमा समृद्द फाल्गुनन्द गाउँपालिका निर्माणको लागि आधारभुत र बृहत सीपमुलक तथा आयमुलक कार्यक्रमहरु सँचालनको लागी उत्पादनमुलक क्षेत्रमा बजेट विनियोजन गरिनेछ ।

१०६. पशुपन्छीको क्षेत्रलाई आधुनिक र व्यवसायकि वनाउँदै समग्र कृषि र पशुपालन क्षेत्रको उत्पादन बृद्दी गरिने छ।

१०७. स्थानीय (रैथाने) प्रजातिका पशुपन्छीहरुको सँरक्षण गर्दै नक्ष्ल सुधारको माध्यमबाट स्थानीय पशुहरुमा गुणात्मक सुधार गरी उत्पादन र उत्पादक्तवमा बृद्दि ल्याईने छ ।

१०८. दुग्धजन्य पदार्थ प्रसोधन तथा वितरणको लागि स्थानीय स्तरमा सरोकारवाल निकायहरुसँगको सहकार्यमा साना तथा मझौला डेरीहरुको बृद्दी विकासको लागि डेरी प्रवर्धन कार्यक्रमहरु सँचालन गरिने छ ।

१०९. कृषि तथा पशुपन्छी विमा कार्यक्रमलाई एक घर एक पशुविमा कार्यक्रम सँचालन गरिनेछ ।

११०. पशुपन्छीहरुको उत्पादनका विशिष्टिगत क्षेत्र निर्धारण गरी पकेट क्षेत्रको रुपमा विकास गर्दै पकेटक्षेत्र विशेष कार्यक्रम संचालन गरिनेछ ।

१११. कृषक वर्गिकरण गरी कृषक परिचयपत्र उपलव्ध गराईनेछ र वर्गिकरणको आधारमा कृषकलाई उचित प्रोत्साहन गरिनेछ ।

११२. पशुपन्छीको व्यवसायकि खेतिमा महिला एकल महिला दलित एवं अति विपन्न बर्गको आवद्दतामा बृद्दिगरी गरिवी निवारणमा जोड दिईनेछ

११३. पशुपन्छीको क्षेत्रमा कृषक र प्राविधिक बीचको समवन्ध स्थापित गर्न हरेक महिनाको कम्तिमा पनि एक पटक सवै वडामा स्थलगत प्राविधि सेवा प्रदान गर्न कार्ययोजना वनाई लागु गरिने छ ।

११४. रेविज रोगको उच्च जोखिमलाई न्यूनिकरण गर्नको लागी घरपालुवा ग्रामिण तथा बजार क्षेत्रका छाडाकुकुहरुको बन्ध्याकरण गर्दै निःशुल्क रेविज खोप सहितको बाँझोपन निवारण तथा पशु स्वास्थ्य सिविर कार्यक्रम सँचालन गरिने छ ।

११५. सामुदायिक विद्यालयम सिक्दै सिकाउँदै पड्दै कमाउँदै कार्यक्रमलाई थप प्रभावकारी रुपमा सँचानल गर्न कार्यक्रमलाई निरन्तरता दिईने छ ।

११६. पशुपन्छहरुमा देखा पर्ने आकस्मिक तथा महामारी रोग नियन्त्रण नियमन गर्न आवस्यक कारक्रमहरु सँचालन गरिने छ ।

११७. व्यवसायिक पशुपालन (गाई भैसी बाखा वँगुर कुखुरा ) प्रवर्धन कार्यक्रमका लागी यान्त्रीकरण उत्पादन विविधीकरण का क्षेत्रमा लगानी पशुपालन कृषकहरुलाई प्रोत्साहन कार्यक्रम सँचालन गरिने छ ।

११८. कृषि उत्पादनको मुल्य श्रृंखलाको विकासलाइ थप प्रभावकारी वनाउने क्रममा कृषि उपजको बजारीकरणका लागि **कृषि बजार प्रणाली सप्टवयर** निर्माण गरी कार्यान्वयनमा ल्याईने छ ।

**सहकारीः**

११९. सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निक्षेप कर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ।

१२०. गाउँपालिका भित्र रहेका कृषि सहकारीहरुले एक सहकारी एक उत्पादनको नीति कार्यान्वयन गरिनेछ ।

१२१. गाउँपालिकाभित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले संचालन गरी सहकारी संस्थाहरुको विवरणलाई अनिवार्य कोपोमिसमा आवद्ध गराइनेछ ।

१२२. सहकारीहरुको माध्यमबाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजि संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ।

१२३. कृषि लगायत विषयगत सहकारीलाई सो क्षेत्रमा केन्द्रित भै लगानी गर्ने नीतिलाइ कठोर रूपमा कार्यान्वयन गरिनेछ।

१२४. गाउँपालिका भित्रका सहकारी सँस्थाको सँस्थागत विकासको लागि गाउँपालिकाद्धारा जारी गरेको सहकारी ऐन लाई परिमार्जन गरी लागु गर्ने ।

१२५. सहकारीको सँकलित पूँजिलाई छिटो प्रतिफल प्राप्त हुने क्षेत्रमा परिचालन गर्न रोजगारी सिर्जना गर्न टेवा पुग्ने प्रकृतिको आवस्यक कार्यनिति निर्माण गरी लागु गरिनेछ ।

**भाषा तथा संस्कृतिः**

१२६. गाउँपालिकालाई खुल्ला वहुसांस्कृतिक संग्रहालयको रुपमा विकास गर्न पूर्वाधार निर्माण गर्दा वहुसांस्कृतिक पहिचान र मौलिकता झल्किने वास्तुकला, मूर्तिकला, चित्रकला जस्ता संरचनाहरु निर्माण गरिनेछ।

१२७. गाउँपालिका भित्र बोलिने विभिन्न जातजातिका मातृ भाषाहरुको संरक्षण गर्दै त्यस्ता भाषाको लिपी तथा व्याकरण लेखन तथा प्रकाशन गर्ने नीति लिइनेछ।

१२८. गाउँपालिका भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ।

१२९. गाउँपालिकको पहिचान झल्कने गीत तथा भिडियो निर्माण गरी प्रचार प्रसार गर्ने नीति लिईनेछ ।

**युवा तथा खेलकुदः**

१३०. खेलकुदको विकास गर्न गाउँपालिका स्तरिय खेलकुद विकास कार्यविधी निर्माण गरी लागु गरिनेछ ।

१३१. विभिन्न खेलहरुका लागि आवश्यक पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिनेछ।

१३२. विषयगत खेल पुरस्कार राशीहरु स्थापना तथा दिगो ब्यवस्थापन गर्दै जाने नीति लिइनेछ।

१३३. विभिन्न किसिमका दुर्व्यसनमा परेका युवाहरुलाई निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रमहरु मार्फत दुर्व्यसन मुक्त गराई समाजमा पुनःस्थापनाको प्रबन्ध मिलाइनेछ।

१३४. वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि गाउँपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तर्गत समावेश भएका नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रम संग आवद्ध गरिनेछ।

१३५. युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई "विदेश हैन बिजनेस" भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ।

१३६. युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

१३७. "एक वडा, एक व्यायमशाला" को नीति लिई युवाहरुलाई प्रशिक्षणको व्यवस्था मिलाइनेछ।

१३८. विपन्न, गरिब र सुकुम्वासी परिवारका युवाहरुलाई कपाल काट्ने तालिम, इलेक्ट्रोनिक्स सामाग्री मर्मत, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, ब्युटि पार्लर, होटल म्यानेजमेन्ट, ब्यावसायिक पशुपालन तथा तरकारी खेती जस्ता तालिमहरु प्रदान गरी गरीबी न्यूनिकरण र जिविकोपार्जनमा सहजीकरण गरिनेछ।

१३९. गाउँपालिकाका गौरवका रुपमा रहेका खेलकुद प्रतियोगिताहरु आयोजना गर्न सम्बन्धित निकायसँग सहकार्य र साझेदारी गरिनेछ।

१४०. फाल्गुनन्द गाउँपालिका अध्यक्ष भलिबल कप प्रतियोगीतालाई निरन्तरता दिईनेछ भने उपाध्यक्ष ब्याडमिन्टन कप प्रतियोगिता संचालनका लागि आवश्यक प्रकृया अगाडी बढाइनेछ।

१४१. सम्भाव्यता र आवश्यकताको आधारमा थप खेलकुदका कार्यक्रमहरु सञ्चालन गरिनेछ भने खेल जगतमा उत्कृष्ट योगदान पुर्याउने खेलाडीहरुलाई सम्मान र व्यवसायिक खेलाडीहरु उत्पादन गर्न प्रशिक्षणको व्यवस्था गरिनेछ ।

**लैङ्गिक समानता र सामाजिक समावेशीकरणः**

१४२. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

१४३. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।

१४४. ऐतिहासिक कालदेखि दलित तथा शील्पी समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न आवश्यक प्रविधिमैत्री सामाग्री सहयोग गरिनेछ साथै यसरी उत्पादित सामाग्रहीहरुको सम्भावित बजारिकरणको लागि आवश्यक पहल गरिनेछ ।

१४५. विकासका कार्यक्रमहरुमा टोल विकास संस्थाहरुलाई प्रभावकारी रुपमा सहभागी गराउन टोल विकास संस्थाहरु प्रत्येक वडाको टोल टोलमा गठन गर्ने नीति लिइनेछ।

१४६. ज्येष्ठ नागरिक परिचयपत्र कार्यविधी अनुसार सहजरुपमा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

१४७. हिंसा पिडित महिला तथा बालबालिकाको लागि एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना गर्ने नीति लिईनेछ ।

१४८. “हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान” अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ।

१४९. महिला उद्यमशीलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवसायको दर्ता तथा नविकरणमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिनेछ।

१५०. गाउँपालिका तथा वडास्तरीय बाल क्लब गठन गरी प्रभावकारी रुपमा परिचालन गरिनेछ।

१५१. हरेक वडामा एउटा बाल उद्यान निर्माण अभियानको नीति लिईनेछ ।

१५२. विद्यालयमा आधारित बालविकास केन्द्रहरुको भौतिक पूर्वाधारमा स्तरोन्नति गरिनेछ।

१५३. गाउँपालिकाका सबै वडाहरुलाई क्रमश बालमैत्रि वडा घोषणा गरीनेछ।

**सूचना तथा संचारः**

१५४. स्थानीय सञ्चार गृहहरुको सुदृढिकरण गर्दै संचार सस्था र गाउँपालिकाको सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गर्ने, गाउँपालिकाको निर्णय तथा सूचनाहरुमा सञ्चार संस्थाहरुको पहुँच बढाई खुल्ला सरकारको नीति लिइनेछ।

१५५. गाउँपालिकाका सम्पुर्ण गतिविधीहरुलाई नियमित रुपमा गाउँपालिकाको वेभसाइट, डिजिटल डिस्प्ले तथा फेसबुक पेजमार्फत श्रब्य र दृष्य सामाग्रीहरु नियमित सम्प्रेशण साथै बर्षभरीका गाउँपालिकाका उपलब्धिहरुलाई फाल्गुनन्द टाइम्स पत्रिका मार्फत प्रकाशन गरिनेछ ।

१५६. जिल्लाका पत्रकाहरुको क्षमता विकासको लागि पत्रकार महासंघ र पेशागत संघ संगठन संग सहकार्य गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

१५७. विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइनेछ।

१५८. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचना मैत्री बनाइनेछ।

१५९. गएको बर्षबाट सुरु भएको जिल्लाका आम सञ्चार माध्यमलाई समानुपातिक विज्ञापन वितरण प्रणालीलाइ निरन्तरता दिइनेछ ।

१६०. संचार माध्यमलाई प्रभावकारी बनाउन नेपाल टेलिकम र एन.सि.एल. सँग सम्मन्वय गरी क्षमता बिस्तार नेटवर्क टावर थप गर्नका लागि समन्वय गरीनेछ ।

१६१. इन्टरनेट सेवा भरपर्दो बनाउन सेवाप्रदायक कम्पनीहरुसँग समन्वय गरिनेछ ।

## न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धनः

१६२. न्यायिक समितिबाट न्याय निरुपण कार्यलाई निशपक्ष, तटस्थ, पुर्वअनुमानयोग्य बनाउदै सबै मेलमिलापकेन्द्रलाई व्यावस्थित गर्दै लगिनेछ साथै मेलमिलापकर्ताको लागि पुन ताजकी तालिमको व्यावस्था गरिनेछ र आवस्यकता अनुसार आधारभुत, तामिलको व्यावस्था गरिनेछ।

१६३. कानुनी सचेतनामुलक कार्यक्रम वडा तहमा गरिनेछ, मेलमिलापकर्तालाई बर्षमा एक पटक अन्तर्कियात्मक कार्यक्रम गरिनेछ ।

१६४. सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ।

१६५. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।

१६६. न्याय सम्पादनको कार्यलाइ थप ब्यवस्थित गर्न यस सम्बन्धी सम्पुर्ण प्रक्रियालाइ डिजिटल जस्टिस सिस्टम तयार गरी लागु गरिनेछ ।

## सुशासन तथा सार्वजानिक सेवा प्रवाहः

१६७. गाउँपालिका भित्र रहेका स्रोत साधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरु समावेश गरी विद्युतीय स्थानीय तहको अध्यावधिक पार्श्व चित्र तयार गरिनेछ।

१६८. गाउँपालिका भित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सो को सम्बोधन अनलाईन प्रणाली कै माध्यमबाट सुनुवाई गर्ने गरी नागरिक गुनासो ब्यवस्थापन प्रणालीको नीति लिइनेछ ।

१६९. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकी बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने, शुन्य बेरुजुको गाउँपालिका बनाउने नीति लिइनेछ ।

१७०. प्रत्येक महिनाको आय/व्ययको मास्केवारी गाउँपालिका तथा वडा कार्यालयको सूचनापाटि तथा वेवसाइटमा प्रकाशित गरिनेछ ।

१७१. गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएको क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

१७२. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाम मुखी बनाईनेछ ।

१७३. गाउँपालिकाबाट प्रवाहहुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ ।सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु तथा गाउँपालिकामा सुझाव पेटिकाहरु राखिने छ ।

१७४. गाउँपालिकाबाट प्रवाह हुने योजना, लेखा, राजश्व लगायत सबै सफ्टवेयरहरु व्यवस्थित गर्दै PAPER LESS प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईने छ ।

१७५. गाउँपालिकाको काम कारबाहीलाई व्यवस्थित, पारदर्शी, जवाफदेही तथा सम्पुर्ण नागरिक समक्ष पुर्याउन "फाल्गुनन्द गाउँपालिका" नामक मोबाइल एप्स निर्माण गरि वडापत्रहरु, सूचनाहरु र गाउँपालिका प्रोफाईल आदिको जानकारी प्रदान गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

१७६. प्रशासन संयन्त्रको उत्प्रेरणाको प्रवर्धनका लागी संघ र प्रदेश सरकाले उपलब्ध गराउने सेवा र सुविधाको परिपुरकका रुपमा खाजा भत्ता, पर्यटन भ्रमण काज जस्ता अन्य सुविधा प्रदान गर्ने नीति लिइनेछ।

१७७. गाउँपालिकाको सुरक्षालाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउन वडाका विभिन्न ठाउँमा र पर्यटकीय स्थल तथा सुरक्षा संवेदनशील क्षेत्रहरुमा सि.सि.टि.भि. क्यामेरा जडान कार्यलाई निरन्तरता दिइनेछ ।

१७८. सडक फुटपाथमा हुने अव्यवस्थित पार्किङ्ग निर्माण सामाग्री भण्डारण र फुटपाथ पसलहरुको अनाधिकृत प्रयोगलाई निरुत्साहित गर्दै उचित व्यवस्थापन र नीजि क्षेत्रको सहकार्यमा उपयुक्त पार्किङ्ग स्थलहरु पहिचान गरी सञ्चालन गरिनेछ।

१७९. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।

१८०. गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको मिहिन ढंगले खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गर्ने नीति लिइनेछ ।

१८१. गाउँपालिका भित्र रहेका असंगठित क्षेत्रका मजदुरहरुको तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन गरी निजहरुको रोजगार तथा सेवाको सुरक्षा र निजहरुको हित प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ।

१८२. विपन्न र न्यून आय भएका घर परिवार पहिचान गरी परिचयपत्र उपलब्ध गराई लक्षित वर्ग कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

१८३. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना पद्धति निर्माण गरी लागु गरिनेछ।

१८४. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।

१८५. सामाजिक परिक्षण, सार्बजनिक परिक्षण र सार्वजनिक सुनुवाईको कार्यविधि तथा निर्देशिका तयार गरी लागु गरिनेछ ।

१८६. राष्ट्रसेवकको कार्यसम्पादन मुल्याङकनलाई वस्तुनिष्ठ, वैज्ञानिक र प्रविधिमा आधारित बनाइने छ । प्रत्येक महिना अध्यक्षको अध्यक्षतामा, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखहरुको बैठक बसी मासिक समिक्षा तथा प्रतिवेदन तयार गरिनेछ ।

१८७. वडा कार्यालयबाट प्रदान गरिदै आइरहेको जन्मदर्ता मृत्यूदर्ता लगायतका घटनादर्ता सम्बन्धी सेवालाई घर आँगनमा पुर्याइनेछ।

१८८. फाल्गुनन्द गाउँपालिकामा जनशक्तिको अभाव भएको मेकानिकल इन्जिनियरिङ/ यान्त्रिक उपकरणको नियमित चेकजाँच र परामर्श सेवाको लागि आवश्यक प्रवन्ध मिलाइनेछ।

**खानेपानी तथा सरसफाईः**

१८९. फाल्गुनन्द गाउँपालिकाको खानेपानीको समस्यालाई तत्कालिन अल्पकालिन र दिर्घकालिन समाधानका लागि स्रोतहरुको खोजी गरी खानेपानी आपुर्तिलाई सहज बनाइनेछ।

१९०. जलाधार संरक्षण कार्यक्रम संचालन गरी गाउँपालिका भित्र रहेका भूमिगत पानीका मूलहरू जलाधार र सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धन गर्दै ती ,श्रोतहरुलाई दिर्घकालीन रुपमा BOTANICAL GARDEN को अवधारणाको नीति लिइनेछ ।

१९१. विभिन्न खोला नदी तथा अन्य स्रोतबाट ,खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघीय सरकार, प्रदेश सरकारदातृ , निकायहरुसँगकोसहकार्यमा निर्माण कार्य अघि बढाइनेछ।

१९२. जल पुनर्भरण योजना र वर्षातको पानी संकलन गर्ने प्रविधिलाई उपयोगमा ल्याउन प्रारम्भ गरिनेछ।

१९३. सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्य गरिनेछ।

१९४. टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।

१९५. बजार क्षेत्रमा घरघरमा पालिएका कुकुरहरुको दिशा पिसाबजन्य फोहोर सम्बन्धि-त कुकुर धनिले घर भित्रै व्यवस्थापन गर्नु पर्ने छ। सार्वजनिक सडकमा ल्याई दिशा पिसाब गराएको पाइएमा कानून बमोजिम कार्वाही गर्ने नीति लिइनेछ।

१९६. प्लाष्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गरिने छ।

१९७. गाउँपालिका भित्रका सार्वजनिक शौचालयहरु पहिचान गरी आवश्यक मर्मत संभार र अन्य सार्वजनिक शौचालयहरु निर्माणको कार्यलाई अगाडी बढाइने छ ।

१९८. खानेपानी तथा सरसफाइको सेवालाइ प्रभावकारी वनाउन प्रारम्भिक स्मार्ट वाटर सिस्टम लागु गरिनेछ ।

**वातावरण, जलवायु परिवर्तनतथा विपद् व्यवस्थापनः**

१९९. जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाइ अनुकूलन गर्न गाउँपालिकाको क्षमता वढाउने साथै खाद्य उत्पादनलाइ प्रतिकूल असर नपर्ने किसिमले जलवायु उत्थानशीलता वृद्धि गर्ने । न्यून हरित ग्यास उत्सर्जनलाइ विकास गर्न प्रेरित गर्ने र सो सम्बन्धी अनुभव आदान प्रदान गरी गाउँपालिकाको क्षमता अभिवृध्दि गरिनेछ।

२००. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणिय परिक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन गरिनेछ साथै बायो इन्जिनियरिङ नीति लागु गरिनेछ ।

२०१. खाली जग्गामा फलफुल तथा जडिबुटी लगायतका वन पैदावार बोट विरुवाहरुको वृक्षरोपण गरी हरियाली प्रवर्धन गर्दै वनको संरक्षण गरी जल जमिन वातावरणको संरक्षण गर्दै जीविकोपार्जनको अवसरमा वृद्धि गरिनेछ।

२०२. पोखरी नदि नाला पहिरो गल्छि तथा जलाधार क्षेत्रको संरक्षण गरी जल क्षेत्रहरुको संवर्धन गर्दै लगिनेछ।

२०३. फाल्गुनन्द गाउँपालिका वडा नं. २ र ३ सिलौटीमा अवस्थित वन क्षेत्रलाई धार्मिक पर्या-पर्यटकीय वन क्षेत्र घोषणा गरिएको छ ।

२०४. भू-सूचना प्रणालीको प्रयोग उच्च जोखिमयुक्त क्षेत्रको नक्साङकन, जोखिमको विश्लेषण गरी जोखिमको न्यूनिकरण योजना तर्जुमा गरी लागु गरिनेछ।

२०५. ढुंगा गिट्टि बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।

२०६. सार्वजनिक निजी साझेदारीमा पूर्वाधार निर्माण गरी फोहोर मैला प्रशोधन केन्द्रलाई ब्यावसायिक रुपमा संचालन गर्न नीतिगत तथा कानूनी व्यवस्था गरी फोहोर मैला संकलन व्यवस्थापन र उपयोगको नीति लिइनेछ।

२०७. विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ।

२०८. गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनर्उत्थान कार्यक्रमहरु संचालन गरिनेछ।

२०९. सम्बेदनशील जलाधार क्षेत्रका जमिनहरुको अतिक्रमण नियन्त्रण गरिनेछ ।

२१०. विपदको जोखिममा परेका नागरिकलाई गाउँपालिकाको कानून बमोजिम राहत र क्षतिपुर्तीको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**भौतिक पूर्वाधार विकासः**

२११. फाल्गुनन्द गाउँपालिकाका सबै वडा जोड्ने फाल्गुनन्द रिङरोडको स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

२१२. फाल्गुनन्द गाउँपालिकाको भूउपयोग क्षेत्र निर्धारण गरी वस्ति विकास योजना सहित भौतिक विकास गुरूयोजना तयार गरी आवास तथा वस्ति विकासभवन तथा , सार्वजनिक निर्माण लगायत पूर्वाधार निर्माण कार्य ब्यवस्थित र गुणस्तरीय रूपमा सञ्चालन गरिनेछ ।

२१३. गाउँपालिकाको भू उपयोग योजनालाई सार्थक बनाउन योजनाले निर्दिष्ट गरे बमोजिमको क्षेत्रलाई समेटेर नक्साङ्कनको कार्यलाई पूर्णता दिइनेछ।

२१४. आवासको हकलाई सुनिश्चत गर्न सुरक्षित तथा रोजगारीको समेत ब्यवस्था हुन सक्ने स्थानमा जग्गा प्राप्त गरी सहुलियत आवास योजना कार्यान्वयन गरिनेछ । यसका लागि निजीक्षेत्र संग साझेदारी समेत गर्न सकिनेछ ।

२१५. गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केहि ठुला आयोजनाहरु पहिचान गरी गाउँपालिका गौरव आयोजनाका रुपमा कार्यान्वयन गरिनेछ

र त्यस्ता आयोजनामा श्रोतको अभाव हुन नदिन संघीय सरकार र प्रदेश सरकार सँग समन्वय गरिनेछ ।

२१६. विगत देखिका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ।

२१७. भवन/घर निर्माण गर्न आवश्यक कार्यविधि जारी गरी आगामी आ.व. देखि नक्सा पास गरेर मात्र भवन/घर निर्माण गर्ने कार्यलाई कडाइका साथ कार्यान्वयन गरिनेछ। भवन/घर निर्माण अनुमति प्रकृयालाई प्रविधिमा आधारित तुल्याई सहजिकरण गरिनेछ।

२१८. गाउँपालिका भित्र सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरी सडक मापदण्डको समस्यालाई समन्वय गरी समाधान गरिनेछ।

२१९. मानव स्वास्थ्यलाई दैनिक जीवन यापनसँग जोड्दै सरल र सहज जीवनयापनको लागी एक वडा एक व्यायाशाला र पार्क निर्माण नीतिलाई अवलम्बन गरिनेछ।

२२०. विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना पूँजीगत ) को लगत तयार अद्यावधिक तथा मुल्यांकन गरी सार्वज (सम्पतिनिक सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना तयार गरी कार्यान्वयन गरिनेछ ।

२२१. पूर्वाधारका योजनाको निर्माण तथा सञ्चालनमा निजीक्षेत्र संगको साझेदारीका लागि विभिन्न आयोजना तयार गरि कार्यान्वयन गरिनेछ ।

२२२. गाउँपालिका भित्र निर्माण भइ सकेका कच्ची सडकहरुलाई बाह्रौ महिना चल्ने सडकको रुपमा स्तरोउन्नती गर्ने नीति लिइनेछ ।

२२३. सेहोः नाम्लाङ नाम्सामी केसामी पर्यटन ,पुर्वाधार निर्माण कार्य विस्तृत आयोजना प्रतिवेदन बमोजिम बजेट सुनिश्चित गरी आगामी आ.व. बाट निर्माण कार्य अगाडी बढाइनेछ।

२२४. नयाँ सडक ट्र्याक खोल्ने कार्यले गर्दा भुक्षय र बाढी पहिरोको जोखिम बढ्ने देखिएकोले यस कार्यलाई पुर्ण रुपमा निरुत्साहित गर्ने निति लिइनेछ ।

२२५. गाउँपालिकाहरुको पूर्वाधारमा स्रोत परिचालन गर्न नगर विकास कोषमा गाउँपालिका शेयर स्वामित्व रहनेगरी आवश्यक प्रवन्ध मिलाइने छ ।

**राजस्व तथा आन्तरिक श्रोत परिचालनः**

२२६. आन्तरिक आय व्यवस्थित गर्न ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित गरिनेछ।

२२७. आन्तरिक आउका स्रोतहरुको सम्भाव्यता पहिचान गरी परिचालन गर्न गैसस स्थानीय सरोकारवाला सरकारका निकाय तथा विकास साझेदारसँग परामर्श गरनेछ।

२२८. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ।

२२९. गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।

२३०. वडा कार्यालयहरुसँग समन्वय गरी घर बहाल करमा रहेको चुहावट नियन्त्रण गर्न घरधनी र वहालमा रहनेहरुको अभिलेख अध्यावधिक राख्ने प्रणाली विकास गरिनेछ।

२३१. करदाताहरुलाई आफुले तिर्नु पर्ने मोटामोटी कर दायित्व र कर तिर्ने समयसीमा समयमै जानकारी दिन निजहरुको सेल नम्बरमा विद्युतिय प्रणालीद्वारा सन्देश प्रावहित गर्ने नीति लिइनेछ।

२३२. करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइनेछ। कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ।

२३३. अव्यवस्थित वसोवासीहरुलाई लगाउदै आएको घरधुरी करलाई निरन्तरता दिइनेछ। घरको संरचना र प्रकृति अनुसार दरहरुको प्रगतिशिल पुनरावलोकन गरिनेछ।

२३४. करदाताको कर लगतलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रुपमा उपयोग गर्न कर सम्बन्धी सूचना प्रवाह गर्न डिजिटल कर प्रणाली लागु गरिनेछ।

**रोजगार तथा स्वरोजगार कार्यक्रमः**

२३५. आर्थिक विकासको क्षेत्रलाई रोजगार उन्मुख बनाइदै लगिनेछ । प्रधानमन्त्री स्वरोजगार कार्यक्रमलाई नतिजामुखी तथा दिर्घकानिन आयोजनाहरुमा प्रयोग गर्ने नीति लिइनेछ ।

२३६. युवाहरुको वैदेशिक पलायनलाई गाउँमै रोजगारी दिएर न्यूनिकरण गर्दै जाने अभियान चलाइनेछ ।

२३७. वेरोजगार युवाहरुलाई सीपमुलक तथा आय आर्जन मुलक तालिम तथा क्षमता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ ।

**नविकरणीय उर्जाः**

२३८. नविकरणीय उर्जाको क्षेत्रमा गाउँपालिकामा ऊर्जा प्रबर्धनका लागि सम्भावित सरोकारवालाहरूको पहिचान सहित ऊर्जा विकास रणनीति तयार गरिनेछ। गाउँपालिकामा नवीकरणीय ऊर्जा विकास र पदोन्नतिको लागि श्रोतहरूको खोजी र परिचालन गरिनेछ।

२३९. नविकरणीय उर्जाको विकासका लागि केन्द्रीय, प्रदेश र छिमेकी स्थानीय सरकारहरूसँग ऊर्जा विकासको लागि उनीहरूको फलदायी सहयोगका लागि प्रभावकारी ढंगले आपसी समन्वय र सहकार्य गरिनेछ।

२४०. नविकरणीय ऊर्जा योजना र यसको कार्यान्वयनको समयमै सम्भावित नकारात्मक प्रभाव वातावरणीय), प्रकोप जोखिम र युद्ध द्वन्द्व मा (सचेत हुदै यसले पार्ने सम्भावित नकारात्मक प्रभावहरूको बिरूद्ध कम गर्ने विकल्पहरू र व्यवस्थापन उपायहरूको अनुसरण गर्दै लगिनेछ।

२४१. निजी क्षेत्रका लागि वातावरण सक्षम पार्दै RE प्रबिधि स्थापना गरेपछि सेवा सुनिश्चित गर्न स्थानीय रूपमा बिक्री पछाडि सेवा संयन्त्र र यसको कार्यान्वयन विकासमा जोड दिइनेछ।

२४२. ऊर्जा विकास र प्रबर्द्धन गर्न विकास साझेदार, गैसस संस्था तथा निजी क्षेत्रसँग सहकार्य र साझेदारीमा उर्जा प्रवर्धन कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

**धन्यवाद ।**

**श्री बृजहाङ आङदेम्बे**

**अध्यक्ष,**

**फाल्गुनन्द गाउँपालिका, पाँचथर ।**

**मितिः २०८१/०३/०९**